**निर्णय नं ८** प्रस्ताव नं. ५ माथि छलफल गर्दा मालपोत कार्यालय कञ्चनरुप, सप्तरीको च.नं. १६०८ मिति २०८०।०९।१८ गतेको पत्रमा तहाँ कार्यालयमा खटिने ना.सु. सरहको कम्प्युटर अपरेटरलाई ३ (तीन) महिनाको तलब बराबरको रकम उपलब्ध गराई दिनु हुन गरिएको अनुरोध बमोजिम मालपोत कार्यालय कञ्चनरुप, सप्तरी लाई ना.सु. सरहको तलब स्केल बमोजिम ३ महिनाको रकम उपलब्ध गराउने निर्णय सर्वसहमतिबाट गरियो ।

**निर्णय नं ९** प्रस्ताव नं. ५माथि छलफल गर्दा यस नगरपालिकामा बालविकास शिक्षकको नियुक्ति प्रक्रिया प्रचलित कानुन बमोजिम गरिने र पाठ्यक्रम प्रारम्भिक बालविकास शिक्षा पाठ्यक्रममा आधारित १०० पुर्णाङ्को विषयगत र १०० पुर्णाङ्को वस्तुगत परीक्षा तथा २५ पुर्णाङ्को अन्तर्वाता सहित संचालन गरिने बालविकास शिक्षकको योग्यता कक्षा १२ उर्त्तीण गरेको र अन्य थप निर्णय सम्वन्धित विधालयको परीक्षा समितिमा निहित रहने निर्णय सर्वसहमतिबाट गरियो ।

प्रमाणित

**निर्णय नं १०** प्रस्ताव नं. ५ माथि छलफल गर्दा सशस्त्र प्रहरी बल, नेपाल नं ६ गण हे. क्वा. सप्तरीको च.नं. ९०१, मिति २०८०/१०/१७ गतेको पत्रानुसार सिनियर अधिकृत मेष निर्माण गर्न सिमेन्ट माँग भई आएकोमा ५० (पचास बोरा) सिमेन्ट दिने निर्णय सर्वसहमतिबाट गरियो ।

प्रमुख प्रशासकीय अधि

**निर्णय नं ११** प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकामा प्राप्तनिवेदन अनुसार वडा नं. १४ बस्ने चन्देश्वर साहको बुहारी बिरामी भएको हुनाले निवेदक चन्देश्वर साहलाई आर्थिक सहयोग स्वरुप रकम रु. २१,०००।- र हावाहुरीबाट पिडित वडा नं. १४ बस्ने मो. सहमद मियाँलाई सहयोग स्वरुप रकम रु. ११,०००।-उपलब्ध गराउने निर्णय सर्वसहमितबाट गरियो ।

**निर्णय नं. १२** प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ७ मा अवस्थित हनुमाननगर स्वास्थ्य चौकीमा संचालित बर्थिङ्ग सेन्टरमा प्रसुति गराउन आउने सेवाग्राहीको चाप अत्याधिक भएकोले उक्त बर्थिङ् सेन्टरलाई प्रसुति गृहमा स्तरोन्नती गर्नु पर्ने आवश्यक भएकोले मधेश प्रदेश सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय जनकपुरधाम, धनुषा संग प्रसुति गृहको मापदण्ड बमोजिमको स्वास्थ्य सामाग्री, भवन, कर्मचारी माँग गर्ने निर्णय सर्वसहमतिबाट गरियो ।